नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)

पत्र सङ्ख्याः २०८२/८३ चलानी नं: 6

नेपाल संवत् ११४५

मिति २०८२।०४।२९

श्री सङ्घीय मन्त्रालय/आयोग/सचिवालय/केन्द्रीयस्तरका कार्यालय (सबै)

विषयः व्यवस्थापन परीक्षण सम्बन्धमा।

प्रस्तुत विषयमा निजामती सेवा ऐन, २०४९ को दफा ७२क. मा लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरु बाहेक सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिन र त्यसरी सुपरिवेक्षण गर्दा कुनै निजामती कर्मचारीउपर विभागीय कारबाही गर्नुपर्ने देखिएमा सो समेत सिफारिस गर्न सक्नेछ र सोको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ भन्ने व्यवस्था रहेको। निजामती सेवा नियमावली, २०५० को नियम ३क. मा व्यवस्थापन परीक्षण सम्बन्धी कार्यविधि उल्लेख गरिएको छ।

व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीय निकाय तथा सो मातहतका निकायको व्यवस्थापन परीक्षण गर्ने, सङ्घीय निकायलाई मातहतका सार्वजनिक निकायको व्यवस्थापन परीक्षण गरी प्रतिवेदन पेश गर्न लगाउन सक्ने, प्रदेश तथा स्थानीय तहले यस निर्देशिका बमोजिम व्यवस्थापन परीक्षण गर्न वा यस निर्देशिकाको आधारमा व्यवस्थापन परीक्षण निर्देशिका बनाई व्यवस्थापन परीक्षण गर्न सक्ने व्यवस्थाका साथै व्यवस्थापन परीक्षणका विषय क्षेत्र तथा सूचकहरु, व्यवस्थापन परीक्षण टोली, व्यवस्थापन परीक्षण विधि लगायतका विषयहरु उल्लेख रहेको सन्दर्भमा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०८२/०४/२८ को निर्णयानुसार देहाय बमोजिम हुन अनुरोध छ।

**देहाय :**

**निजामती सेवा ऐन, २०४९ को दफा ७२क., निजामती सेवा नियमावली, २०५० को नियम ३क. तथा व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ बमोजिम आफू मातहतका निकायहरुको व्यवस्थापन परीक्षण गरी सोको प्रतिवेदन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने।**

०८२।४।२९

(अग्निलाल राई)

शाखा अधिकृत

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं
(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)

पत्र सङ्ख्याः २०८२/८३ चलानी नं: ८

नेपाल संवत् ११४५

मिति २०८२।०४।२९

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै)
श्री नगरपालिका (सबै)
श्री गाउँपालिका (सबै)

विषयः व्यवस्थापन परीक्षण सम्बन्धमा।

प्रस्तुत विषयमा निजामती सेवा ऐन, २०४९ को दफा ७२क. मा लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरु वाहेक सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिन र त्यसरी सुपरिवेक्षण गर्दा कुनै निजामती कर्मचारीउपर विभागीय कारबाही गर्नुपर्ने देखिएमा सो समेत सिफारिस गर्न सक्नेछ र सोको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ भन्ने व्यवस्था रहेको। निजामती सेवा नियमावली, २०५० को नियम ३क. मा व्यवस्थापन परीक्षण सम्बन्धी कार्यविधि उल्लेख गरिएको छ।

व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीय निकाय तथा सो मातहतका निकायको व्यवस्थापन परीक्षण गर्ने, सङ्घीय निकायलाई मातहतका सार्वजनिक निकायको व्यवस्थापन परीक्षण गरी प्रतिवेदन पेश गर्न लगाउन सक्ने, प्रदेश तथा स्थानीय तहले यस निर्देशिका बमोजिम व्यवस्थापन परीक्षण गर्न वा यस निर्देशिकाको आधारमा व्यवस्थापन परीक्षण निर्देशिका बनाई व्यवस्थापन परीक्षण गर्न सक्ने व्यवस्थाका साथै व्यवस्थापन परीक्षणका विषय क्षेत्र तथा सूचकहरु, व्यवस्थापन परीक्षण टोली, व्यवस्थापन परीक्षण विधि लगायतका विषयहरु उल्लेख रहेको सन्दर्भमा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०८२/०४/२८ को निर्णयानुसार देहाय बमोजिम हुन अनुरोध छ।

**देहाय:**

**व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ को दफा २२ मा प्रदेश तथा स्थानीय तहले यस निर्देशिका बमोजिम व्यवस्थापन परीक्षण गर्न वा यस निर्देशिकाको आधारमा व्यवस्थापन परीक्षण निर्देशिका बनाई व्यवस्थापन परीक्षण गर्न सक्ने व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहले आफू र आफू मातहतका निकायहरुको व्यवस्थापन परीक्षण गर्न आवश्यक व्यवस्था मिलाउने।**

०८२।४।२९

(अबिलाल राई)
शाखा अधिकृत

फोनः ४२००२९१ फ्याक्सः ४२००३२२ Email: info@mofaga.gov.np